Food and Agriculture Organization of the United Nations

# केराको ओइलाउने रोग (फ्युजारीयम विल्ट) टि आर ४ व्यवस्थापनको लागि प्राविधिक आचार संहिता



- केरा बगानमा जैविक सुरक्षा प्रणाली अवलम्बन गर्ने ।
- केरा बगानमा घेराबेरा/तारबार गर्ने । कुकुर, बिरालो, बाखा, गाई, भैंसी लगायत वस्तुभाउहरु प्रवेश हुन नसक्ने गरि जाली वाला तारवारको तरिका अपनाउने ।
- बगैंचाको घेरा भित्र प्रवेश हुनको लागि र बाहिर निस्कनको लागि एउटा मात्र मार्ग निर्धारण गर्ने । केरा बगानमा प्रवेश गर्दा कामदार/अन्य व्यक्तिहरुले भित्र प्रयोग हुने जुत्ता वा गमबुट भित्रको लागि छुट्टै र वाहिरको लागि छुट्टै प्रयोग गर्ने । पाहुना आफन्तजनहरुले पनि सकेसम्म वगैंचामा प्रवेश नगर्ने र प्रवेश गर्नै परेको खण्डमा सुज कभर लगाएर मात्र प्रवेश गर्ने । बगैंचाबाट बाहिर निस्कदा रोगको फैलावट हुन नदिन निसंक्रमण सम्बन्धी सावधानी अपनाउने ।
- केराको बोटको पात एक बगानबाट अन्यत्र घाँसपातको रुपमा वस्तुलाई खुवाउन साइकल, मोटरसाइकल आदिमा बाहिर नलैजाने/लैजान नदिने ।
- सम्पूर्ण बगैंचाहरुमा प्रवेश निषेध लेखिएको सूचना बोर्ड अनिवार्य रुपमा टांस्ने ।
- कसैले पनि बगैंचामा रहेको घांस काटेर बगैंचा वाहिर लैजान नपाईने ।
- बगैंचा भित्र केरा वा केराजन्यबस्तुहरु ढुवानी गर्ने साधनको प्रवेशलाइ पूर्ण निषेध गर्ने ।
- रोग ग्रसित बगैंचाबाट केरा जन्य बस्तु जरा कान्ड पात वा अन्य अवयबहरु माटो पानी झारपात बाहिर जान नदिने ।
- केराको फल कोशा वा काईयो वा हातो भित्री डण्ठा वा लठ्ठी वा पेडंकल बाहेक हुनेगरी मात्र काट्ने र त्यसरी काट्दा भुइ वा माटोसंग संपर्क नहुने गरि प्लास्टीक ओच्छ्याएर मात्र काट्ने । बजारिकरणको लागि तयार गरिएको केरा बाहिर ल्याउने सवारी साधनको चक्का निसंक्रमण गर्ने ।
- केरा फल ढुवानी गर्दा एक द्वार प्रणाली अपनाउने ।
- केरा बगानबाट पानी बाहिर बगेर जान नदिने ।
- जाली भित्रवाट वरिपरी गहिरो खाडल/ट्रेन्च खन्ने ।
- आन्तरिक क्वारेन्टाइन अपनाउन स्थानिय सरोकारवालाहरु जिम्मेवारीपूर्वक लाग्ने ।
- संक्रमित क्षेत्रको नर्सरीबाट केराको बेर्ना बाहिर जान नदिने ।
- छिमेकी मुलुकबाट अवैधानिक केराका विरुवाहरु आउन नदिन सबै जना सजग रहने, अवैध आयात भएको पाइएमा स्थानिय प्रशासन समक्ष तुरुन्त उजुरी गर्ने । अवैध रुपमा भित्रिएका केरालाइ समेत सुरक्षित रुपमा व्यवस्थापन गर्ने । रोगका श्रोतहरुलाई पुर्णरुपमा निर्मलीकरण गर्ने ।

**थप जानकारीका लागि**
**नेपाल सरकार**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्र
हरिहरभवन, ललितपुर
सम्पर्क नं ०१५४५३७९८
ईमेल: info@npponepal.gov.np

**नेपाल कृषि अनुसन्धान परिषद्,**
राष्ट्रिय बालिरोग विज्ञान अनुसन्धान केन्द्र, खुमलटार, ललितपुर
सम्पर्क नं ०१५५२३१४३
ईमेल: balirogbigyan@gmail.com